# प्रेस विज्ञप्ति

## प्रधानमन्त्री दैवी प्रकोप सहायता कोषमा नेपाल बैंकको रू.२ करोड आर्थिक सहयोग

मिति २०८१ साल असोज १० गते बिहीबार देखि परेको लगातारको भारी वर्षाका कारण काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा वर्षाबाट ठूलो मात्रामा मानवीय तथा भौतिक क्षति पुग्न गएकोमा यस विपद्को घडीमा बाढी पहिरोबाट प्रभावित पिडित परिवारहरुलाई बैंकले संस्थागत सामाजिक उत्तरदायित्व स्वरुप रू.२ करोड रकम प्रधानमन्त्री दैवी प्रकोप सहायता कोषमा आर्थिक सहयोग प्रदान गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बालुवाटारमा आज आयोजित एक कार्यक्रममा नेपाल बैंक लिमिटेड, सञ्चालक समितिका अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीज्यूले रू.२ करोड रकमको चेक सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूलाई हस्तान्तरण गर्नुभएको छ । नेपाल बैंक लिमिटेडले बाढी पहिरोबाट प्रभावित पिडितका लागि आर्थिक सहयोग प्रदान गरेकोमा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले नेपाल बैंक परिवारलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उक्त कार्यक्रममा बैंकको सञ्चालक समितिका अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीज्यूले बैंकले दैवी तथा प्राकृतिक प्रकोप, महामारीको रोकथाम तथा नियन्त्रण लगायत विभिन्न विपद्को समयमा आर्थिक सहयोग प्रदान गर्दै आएकोमा सो को निरन्तरता स्वरूप बाढी पहिरोबाट प्रभावित पिडित परिवारहरुलाई आर्थिक सहयोग प्रदान गरिएको र आगामी दिनमा समेत बैंकको तर्फबाट यस प्रकारको सहयोग जारी रहने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा बैंकका तर्फबाट सञ्चालक समिति सदस्यहरु श्री थान प्रसाद पंङ्गानी, श्री साधना घिमिरे, श्री विवेक शम्शेर ज.ब.रा., श्री विष्णु कुमार अग्रवाल, श्री ध्रुब प्रसाद अधिकारी, प्रमुख कार्यकारी अधिकृत श्री तिलक राज पाण्डेय, बैंकका कम्पनी सचिव श्री केशव प्रसाद भण्डारी तथा बरिष्ठ प्रबन्धक श्री विश्वराज भण्डारी समेतको उपस्थिति रहेको थियो ।

काठमाडौं, २०८१ असोज २० गते, आइतबार ।

............................
होम बहादुर खड्का
प्रवक्ता